पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, असार २८ गते, २०८० साल (संख्या ०७

## भाग १

## कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८०

**प्रस्तावना** : साविकको स्थानीय निकायमा सम्वत् २०६४ साल आश्विन मसान्तसम्म अस्थाई, करार सेवामा प्रवेश गरी हाल पोखरा महानगरपालिकमा कार्यरत रहेका कर्मचारीहरुको सम्बन्धमा सम्मानित उच्च अदालत पोखराको सम्वत २०७३ चैत्र ३० गतेको आदेश कार्यान्वयन, समायोजन मिलान गर्न वाञ्छनीय भएकोले,

पोखरा महानगरपालिकाको नगर सभाले पोखरा महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ३ बमोजिम यो कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८० जारी गरेको छ।

### परिच्छेद–१

### प्रारम्भ

१. <u>**संक्षिप्त नाम र प्रारम्भ :**</u> (१) यो ऐनको नाम "**कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८०**" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "ऐन" भन्नाले " कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८० सम्झनु पर्दछ ।

(ख) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकायमा (साविक जिल्ला विकास समिति कास्की, पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका, पुरुन्चौर गा.वि.स., भलाम गा.वि.स., अर्मला गा.वि.स., सराङ्कोट गा.वि.स., कास्कीकोटगा.वि.स., चापाकोट चापाकोट गा.वि.स., भदौरे तामागी भदौरे तामागी गा.वि.स., हेमजा गा.वि.स., कृस्ती गा.वि.स., निर्मलपोखरी गा.वि.स.) नियुक्त भई यो कार्यविधि जारी हुँदाका बखत सम्म पोखरा महानगरपालिकामा कार्यरत रहेका कर्मचारी सम्झनु पर्दछ ।

(ग) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्दछ ।

(च) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिम गठित पोखरा महानगपालिकाको "नगर सभा" सम्झनु पर्दछ ।

(झ) "प्रमुख" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले दफा ५ को उपदफा (२) बमोजिमको पदपूर्ति समिति सम्झनु पर्दछ ।

(ञ) "अविछिन्न रुपमा कार्यरत कर्मचारी" भन्नाले साविक स्थानीय निकायमा कार्यरत (पोखरा महानगरपालिका घोषणा हुँदाका बखत महानगरपालिकामा गाभिएका जि.वि.स., नगरपालिका, र गा.वि.स.समेत) सम्वत २०६४ साल आश्विन मसान्तसम्म स्वीकृत दरबन्दीमा अस्थायी, करार नियुक्ति भई अविछिन्न रुपमा कार्यरत रहेको कर्मचारी सम्झनु पर्दछ ।

स्पष्टीकरण : सेवा प्रवेश देखि हाल सम्म कार्यरत रही आए पनि बीचमा सेवा छुट भएको र पुनः सेवामा आवद्ध रहेको कर्मचारीको हकमा अविछिन्नरुपमा कार्यरत रहेको मानिने छैन ।

## परिच्छेद–२

## विशेष पदपूर्ति र तह मिलान सम्बन्धी व्यवस्था

३. **अदालतको आदेश कार्यन्वयन** : (१) सम्मानित अदालतको आदेश बमोजिम विशेष

प्रतियोगिता सम्बन्धी काम सम्पन्न गर्ने प्रयोजनको लागि देहाय बमोजिमको पदपूर्ति समिति रहने र समितिले सम्मानित अदातलको आदेश कार्यान्वयन गर्न साविकको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले तोकेको कार्यविधि बमोजिम विशेष प्रतियोगिता सम्बन्धी कार्य बढीमा साठी दिन भित्र सम्पन्न गर्नेछ।

(२) उपदफा (१) को कार्य गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको वरिष्ठ अधिकृत एकजना -सदस्य

(ग) प्रशासन महाशाखा प्रमुख -सदस्य सचिव

(३) पदपूर्ती समितिमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

४. **पदपूर्ति सम्बन्धी विशेष व्यवस्था :** (१) सम्मानित अदातलको आदेश बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीको पदमा सम्वत् २०६४ साल असोज मसान्तसम्म नियुक्त भई यो ऐन प्रारम्भ हुँदाका बखतसम्म अविच्छिन्न रूपमा सोही दरवन्दीको पदमा कार्यरत कर्मचारीको न्यूनतम शैक्षिक योग्यता पुगेका स्वीकृत दरवन्दीमा कार्यरत सम्बन्धित कर्मचारीहरूको आन्तरिक सिमित प्रतिस्पर्धा गरी सोही पदमा एकपटकको लागि स्थायी पदपूर्ति गर्न सकिने छ।

(२) दफा (३) बमोजिमको समितिले आफ्नो कार्य सम्पादनको लागि अन्य सरकारी कार्यालयको सहयोग लिन सक्नेछ।

५. **तह मिलान तथा समायोजन :** यस ऐन बमोजिम स्थायी भएका कर्मचारीहरुको तह स्वतः तह मिलान तथा समायोजन हुनेछ। समायोजन तथा तह मिलान प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

६. **सेवा अवधि गणना हुने :** यस ऐन बमोजिम स्थायी भएका कर्मचारीको सेवा अवधि स्थायी नियुक्त भएको मिति देखि गणना हुनेछ।

तर बढुवा प्रयोजनको लागि प्रचलित कानुन बमोजिम नोकरी अवधि गणना हुनेछ।

७. **सेवा समाप्त हुने :** यस ऐन बमोजिम भएको सूचनामा भाग लिई परीक्षमा अनुत्तिर्ण हुने कर्मचारी स्वतः अवकाश हुनेछन्।

८. **स्वत : अवकाश भएका कर्मचारीले पाउने सुविधा :** स्वतः अवकाश हुने कर्मचारीले पोखरा महानगरपालिकाको कर्मचारी सेवा ऐन, २०७६ मा उल्लेख भए बमोजिमको सुविधा प्राप्त गर्नेछ।

## परिच्छेद-३

## विविध

९. **पदपूर्ति गर्न नहुने :** यस कार्यविधि बमोजिम तह मिलान भई रिक्त हुने तल्लो पदमा

महानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पद मिलान नहुँदासम्म त्यसरी रिक्त हुने पदमा कुनै पनि प्रक्रियाबाट पदपूर्ति गर्न पाइने छैन।

१०. **निर्देशन दिन सक्ने :** यस कार्यविधि ऐन बमोजिम तोकिएको जिम्मेवारी सम्पन्न गर्न प्रमुखले पदपूर्ति समितिलाई निर्देशन दिन सक्नेछ।

११. **खारेजी :** यो ऐन एक पटक कार्यान्वयन भएपछि स्वतः निष्क्रिय हुनेछ।

**प्रमाणिकरण मिति**

२०८०।०३।२८

**आज्ञाले,**

**वीरेन्द्रदेव भारती**

**प्रमुख प्रशासकीय अधिकृत**